2077 भाद्र १८

आज मिति २०७७ साल भाद्र १८ गते विहिबारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा सार्वजनिक सरोकारका विषयमा सामञ्जस्यता कायम गरी गराई जिल्लाको शान्ति व्यवस्था तथा COVID-19 जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा समेत सहयोग पुर्‍याउन **सर्वदलिय/सर्वपक्षिय** बैठक बस्यो ।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेल, | जिल्ला प्रशासन कार्यालय | संयोजक/अध्यक्ष |
| २. माननिय प्रमोद यादव | प्रदेश सभा, २ नम्बर प्रदेश | |
| ३. माननिय नरेश यादव | प्रदेश सभा, २ नम्बर प्रदेश | |
| ४. समन्वय प्रमुख श्री रामचन्द्र ठाकुर | जिल्ला समन्वय समिति, सिराहा | |
| ५. समन्वय उपप्रमुख श्री सरोज कुमार यादव | जिल्ला समन्वय समिति, सिराहा | |
| ६. नगरप्रमुख श्रवण कुमार यादव | मिर्चैया नगरपालिका, सिरहा । | |
| ७. अध्यक्ष, संतोष कुमार महतो | वरियारपट्टि गाउँपालिका, सिराहा । | |
| ८. अध्यक्ष श्री बेचन प्रसाद यादव, | भगवानपुर गाउँपालिका, सिराहा । | |
| ९. प्रमुख सेनानी श्री जितेन्द्र कुमार गौली | श्री शेर गण, चोहर्वा | |
| १०. प्रहरी उपरिक्षक श्री उमाशंकर पँजियार | जिल्ला प्रहरी कार्यालय | |
| ११. सशस्त्र प्रहरी उपरिक्षक श्री दिपेन्द्र गिरी | सशस्त्र प्रहरी बल नेपाल नम्बर ७ गण, हे.क्वा. | |
| १२. उप. अनु. निर्देशक श्री रमेशचन्द्र यादव | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | |
| १३. सहायक प्रमुख जिल्ला अधिकारी श्री अनुज भण्डारी, | जिल्ला प्रशासन कार्यालय | |
| १४. प्र.प्र. अधिकृत श्री बलिराम यादव | सिराहा नगरपालिका, सिराहा । | |
| १५. मे.सु. डा. नगेन्द्र प्रसाद यादव, | सिराहा अस्पताल । | |
| १६. प्रमुख, श्री कृष्णदेव यादव, | स्वास्थ्य कार्यालय, सिराहा | |
| १७. प्रतिनिधि श्री महेश कुमार यादव (UML) | नेपाल कम्युनिष्ट पार्टि (नेकपा) जिल्ला कमिटि सिराहा | |
| १८. प्रतिनिधि श्री रामबाबु यादव | नेपाली कांग्रेस जिल्ला कार्य समिति | |
| १९. अध्यक्ष श्री अशोक कुमार यादव | जनता समाजवादी पार्टी, जिल्ला कार्य समिति | |
| २०. सभापति श्री राजदेव यादव, | नेपाल रेडक्रस सोसाइटी, जिल्ला समिति, सिराहा | |
| २१. अध्यक्ष श्री प्रमोद पोद्दार | उद्योग वाणिज्य संघ, सिराहा | |
| २२. प्रतिनिधि देवकुमार यादव | पत्रकार महासंघ, जिल्ला कार्यसमिति, सिराहा। | |
| २३. प्र.प्र.अ. श्री दिलिप कुमार ~~साह~~ यादव | भगवानपुर गाउँपालिका, सिरहा । | |
| २४. जि.स.अ. मिथिलेन्द्र कुमार मण्डल | जि. स. पु / अपन दैनिक / Avenues TV | |
| २५. शुभनारायण कामत | | |
| २६. अध्यक्ष ज्ञानेश्वर यादव | विष्णुपुर गाउँपालिका, सिरहा | |
| २७. अध्यक्ष विश्वनाथ यादव | नवराजपुर ,, ,, ,, | |

निर्णयहरु :

१. जिल्लामा देखिएको कोभिड १९ संक्रमण जोखिम तथा जोखिम न्यूनीकरण गर्न हालसम्म भै आएको व्यवस्थापन बारे बैठकमा छलफल भयो ।

जिल्लामा हालसम्म कोभिड १९ को संक्रमणबाट ८ जनाको दुःखद निधन भैसकेको । कोभिड १९ बाट संक्रमित भै निधन भएका व्यक्तिको शव व्यवस्थापन गर्न स्थानीयस्तरमा स्थानीय तहले स्थान निर्धारण गर्ने र यसमा राजनीतिक दलहरुका तर्फबाट समेत फिल्डस्तरसम्म सहयोग पुर्‍याउने । मिति २०७७ साल भाद्र १६ गते सम्मको कोभिड १९ को अवस्था तपसिल बमोजिम रहेको ।

| जिल्ला सिरहा | सिमानाकामा चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन स्थलको संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फिर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| | ७ | ० | २१ | १४३० | १३१ | २९ | १६० | ६९९० | २०५ | १०५ | २३ | १२८ | ३०४ | ७६६१ | ७३३३ | ४४० | १२८ | ३०४ | ८ | ३७२४ | |

२. कोभिड १९ संक्रमण जोखिम न्यूनीकरणका उपाय अवलम्वन गर्दै जिल्ला प्रशासन कार्यालयबाट जारी निषेधाज्ञाको पालना गर्न गराउन सहयोग पुर्‍याउने ।

**कोभिड १९ को संक्रमण समुदाय स्तरमा फैलिरहेकोलाई न्यून गर्न आवश्यक देखिएको हुँदा यहि २०७७ साल श्रावण ३२ गते देखि कायम रहेको निषेधाज्ञालाई सिरहा जिल्लाभरको लागि निरन्तरता दिदै आज २०७७ साल भाद्र १५ गते राति १२:०० बजेदेखि ऐ भाद्र २७ गते राती १२:०० बजेसम्मको लागि अत्यावश्यकीय सेवा र काम बाहेक देहायका काम गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ बमोजिम निषेधाज्ञा जारी रहेको । जारी निषेधज्ञाको पुर्णरुपमा कार्यान्वयनको लागि सबै सरोकारवाला पक्षहरुबाट सहयोग गर्न अनुरोध गर्ने ।**

**तपसिल :**

क. अत्यावश्यकीय काम नपरी बाहिर ननिस्कने । अति आवश्यक काम परेर बाहिर निस्कनु परेमा स्वास्थ्य तथा सुरक्षा मापदण्ड (मास्कको अनिवार्य प्रयोग गर्ने, साबनु पानीले बारम्बार हाथ धुने, स्यानिटाइजरको प्रयोग गर्ने) पालना गरेर मात्र बाहिर निस्कने ।

ख. कुनैपनि संस्था, निकाय वा व्यक्तिले **सार्वजनिक भेला, मेला लगाउने, भोज वा जमघटको आयोजना नगर्ने । धार्मिक स्थलहरुमा भेला तथा जमघट नगर्ने । आ-आफ्नो धार्मिक पर्वहरु घर भित्र नै मनाउने ।**

ग. **हाटबजार नलगाउने ।**

घ. सार्वजनिक सवारी साधनहरु नचलाउने ।

**देहायका कामहरु स्वास्थ्य तथा सुरक्षा सम्बन्धी मापदण्ड र प्रोटोकल पालना गर्ने गरी तपशिल अनुरुपमात्र गर्ने गराउने** :

क. अति आवश्यक खाद्यान्न, ग्याँस, तरकारी, फलफुल तथा मासु जस्ता सेवा प्रदान गर्ने पसलहरु विहान ५:०० बजेदेखि विहान ९:०० बजेसम्ममात्र संचालन गर्ने ।

ख. बैंक तथा वित्तिय संस्थाहरु विहान १०:०० बजेदेखि मध्यान्ह १:०० बजेसम्म मात्र संचालन गर्ने ।

ग. सरकारी सार्वजनिक तथा गैरसरकारी क्षेत्रका कार्यालयहरुले आन्तरिक कार्य सम्पादन गर्ने । त्यस्ता निकायका पदाधिकारी वा कर्मचारीहरुले सम्बन्धित निकायबाट जारी आधिकारीक परिचयपत्र देखाई विहान ९:०० बजे देखि १०:३० बजे सम्म र साँझ कार्यालय समयको आधा घण्टा पहिले र आधा घण्टा पछिसम्म आवत जावत गर्न पाइने ।

घ. उद्योग/कलकारखाना, कृषि क्षेत्रमा स्वास्थ्य र सुरक्षा सावधानी अपनाई उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालयबाट जारी मापदण्ड एवंम प्रोटोकल पुरा गरी आफ्नो उद्योग परिसर भित्रै कार्य गर्ने ।

ङ. अस्पताल, औषधी पसल, एम्बुलेन्स, बारुणयन्त्र, विद्युत, दुरसञ्चार, इन्टरनेट सेवा, दुध तथा पानी ढुवानी एंवम तत्सम्बन्धी सेवा सुचारु रहने । साथै स्वास्थ्य कार्यालयबाट नियमितरुपमा संचालन हुने कार्यक्रमहरु जस्तै नियमित खोप कार्यक्रम, मातृ तथा शिशु स्वास्थ्य सेवा, परिवार नियोजन कार्यक्रमहरु ।

च. कोभिड १९ संक्रमित बाहेकका आकस्मिक बिरामीलाई जुनसुकै सवारी साधनमा अस्पताल लैजान सकिने ।

छ. हरेक स्थानीय तहले VTM खरिद गरि स्वास्थ्य कार्यालय एवं सिरहा तथा लहान अस्पताल सँग समन्वय गरि संक्रमित व्यक्ति/समुदायको कोरोना संक्रमण सम्वन्धमा परीक्षणको दर र दायरा बढाउन अनुरोध गर्ने ।

ज. हरेक स्थानीय तहमा साविकमा हाटबजार लाग्ने दिनहरुमा अत्यावश्यकीय बाहेकका कुनैपनि पसलहरु नखोल्ने । अति आवश्यकीय पसलहरु बाहेकका विहान ८:०० बजे देखि विहान ११:०० बजेसम्म तपसिल शर्तहरु पालना गर्ने गरी मात्र संचालन गर्ने ।

**शर्तहरु :**

१. विक्रेताले अनिवार्यरुपमा मास्क, पञ्जा लगाएको हुनु पर्ने ।

२. विक्री स्थलमा विक्री गर्ने दुरी कम्तिमा २ मिटर कायम गरी आलोपालो गरी विक्री गर्ने व्यवस्था भएको हुनु पर्ने ।

३. क्रेताले अनिवार्य रुपमा मास्क लगाएको भएमा मात्र खरिद विक्री गर्ने स्थानमा प्रवेश गराउने ।

४. विक्री स्थल अगाडि हाथ धुने साबुन पानी वा स्यानिटाइजरको व्यवस्था भएको हुनु पर्ने ।

५. यसका लागि संवद्ध उद्योग वाणिज्य संघ, व्यपारिक संस्था र स्थानीय तहहरुले अनुगमन गर्ने तथा सुरक्षा निकायले नियमन गर्ने ।

**कोभिड १९ को परिक्षणको दर तथा दायरा बढाउदै लैजाने क्रममा जिल्लाका स्थानीय तहका स्वास्थ्य शाखाहरुबाट कोभिड १९ को परिक्षणको लागि स्वाव संकलन कार्यमा (नेपाल सरकारबाट जारी भएको "National Testing Guidelines for COVID-19" Version 3, 2077/04/14 बमोजिम) प्राथमिकता कायम गरी गर्नको लागि १७ वटै स्थानीय तहहरुमा लेखि पठाइ प्राथमिकतासाथ स्वाव संकलन कार्य गर्ने गराउने ।**

1. All symptomatic cases (Fever or cough or shortness of breath or Loss of Taste or Loss of Smell or Diarrhoea).
2. All contacts with confirmed cases.
3. All patients with severe acute respiratory illness (SARI).
4. All returnees (Ground crossing: at PoE; Air Route: at Quarentine within 5-7 days of arrival.)
5. All frontline healthcare workers or security persons and other frontline workers.
6. All individuals with history of travel to COVID 19 transmission areas during the last 14 days.
7. All ICU cases.
8. Any Individual with underlying chronic conditions, immunocompromised conditions, especially for individuals over than 60 years age.
9. Pre-operative cases based on clinical judgement (But for emergency procedures/surgery do not wait for report).
10. For discharge of moderate/severe/critical cases of COVID-19 based on clinicial judgement but test is not required for asympromatic/mild cases who have completed 14 days(at least 3 days without symptoms).

३. स्थानीय तहमा सञ्चालित क्वारेन्टाइनलाई मापदण्ड/प्रोटोकल अनुरुप अझै व्यवस्थित गर्न र स्थानीय तहले पनि मापदण्ड/प्रोटोकल बमोजिमको आइसोलेशन कक्षहरु स्थापना गर्न सरोकारवालाहरुबाट आवश्यक समन्वय गर्ने ।

४. स्थानीय तहहरु समेतबाट सञ्चालित विकास आयोजना/कार्यक्रम-पारदर्शी एव्म जवाफदेही तुल्याउन राजनीतिक क्षेत्रबाट सहयोग पुर्‍याउने ।

विकास निर्माण/सेवाप्रवाह सम्वद्ध विषयमा आयोजना वा कार्यक्रमको नाम, आयोजना संचालन गर्ने उपभोक्ता समिति वा निर्माण व्यवसायी कम्पनिको नाम, ठेगाना र उपभोक्ता समितिको अध्यक्ष वा निर्माण व्यवसायीको नामथर ठेगाना, लाभान्वित क्षेत्र तथा परिवार संख्या, आयोजनाको निर्माणको श्रोत, कुल लागत रकम, आयोजनाको शुरुवात मिति र आयोजना समाप्त हुने मिति समेत स्पष्ट खुल्ने गरी आयोजना वा कार्यक्रमस्थलमा होर्डिंग बोर्ड बनाई टाँग्ने, हरेका सूचना आ-आफ्नो वेवसाइट तथा सामाजिक सञ्जालमा राख्ने र माग गर्नेलाई सहजै उपलब्ध गराउन स्थानीय तह र सरोकारवालाहरुलाई अनुरोध गर्ने ।

प्रमुख जिल्ला अधिकारी

उपभोक्ता समिति गठन गर्दा वास्तविक उपभोक्ता भेला गराई वास्तविक समिति गठन गर्ने, एकै व्यक्तिलाई विभिन्न समितिमा सरिक नगराउन, सार्वजनिक पदाधिकारीले आफ्ना वा आफन्तहरुलाई उपभोक्ता समितिमा अध्यक्ष वा कोषाध्यक्ष जस्ता पदमा छनौट नगरी जवाफदेही बहन गर्न स्थानीय तह तथा सरोकारवाला निकायलाई अनुरोध गरी यसमा सहयोग पुर्‍याउने ।

५. स्थानीय स्तरमा उत्पन्न हुने झैझगडा तथा अपराधिक घट्ना हुन नदिन तथा भए गरेका कानुन कार्यान्वयन गर्न सबै पक्षले सहयोग गर्ने ।

६. घटित घटनाको कानुन सम्मत छानवीन अनुसन्धान गर्ने काममा सहयोग पुर्‍याई रिशइवी साँध्ने दृष्टिले घट्नमा संलग्न नहुने व्यक्तिलाई पनि कानुनी कारवाही चलाई माग्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने ।

७. जिल्लाका कृषी उपजको लागि अति जरुरी मलखादको आपुर्ति व्यवस्थापन गर्न मिति २०७७।०४।०४ मा भएको निर्णयको व्यहोरा समेत बैठकमा अवगत भयो । मलखादको आपुर्ति बढाउन सम्बन्धित निकायमा पत्राचार गरी अनुरोध गर्ने ।

८. हाल गोलबजार नगरपालिका वडा नं. ९ साविक चन्द्रोदयपुर गा.वि.स वडा नं. ८ क पुर्व पश्चिम राजमार्गको दक्षिण किनारमा रहेको साविकमा बन बुटेन रहेको कित्ता नं. १२२ को सरकारी नाप नक्शा तथा दर्ता भएको बन क्षेत्रको जग्गा जम्मा क्षेत्रफल विगाह २-९-३ मध्ये उत्तर तर्फबाट ०-१-८ क्षेत्रफल महेन्द्र राजमार्गमा परि बाँकी जग्गा कित्ताकाट भई **कित्ता नं. ४२० को जम्मा जग्गा विगाह २-७-१५ बन क्षेत्रको जग्गा** तथा गोलबजार नगरपालिका वडा नं. ९ साविक चन्द्रोदयपुर गा.वि.स. वडा नं. ७ ख **कित्ता नं. २४९ को जग्गा विगाह ०-१३-१० क्षेत्रफल**को सरकारी जग्गा व्यक्तिका नाममा दर्ता हुन गएकोमा सम्वद्ध कार्यालयका कार्यालय प्रमुखबाट ति जग्गा बदर गरी बनक्षेत्र/सरकारी कायम गराइएकोमा ति जग्गा तथा अन्य स्थानका बनक्षेत्र/सरकारी जग्गा समेत कुनै किसिमको अतिक्रमण हुननदिन राजनीतिकस्तरबाट समेत सहयोग पुर्‍याई कानुन कार्यान्वयन गर्ने ।

९. अन्य समयमा पनि निरन्तर समन्वय स्थापित गरी जिल्लाको शान्ति व्यवस्था प्रभावकारी तुल्याउने ।

प्र.जि.अ.

प्रमुख जिल्ला अधिकारी